सिस्ने गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

लुम्बिनी प्रदेश, रुकुमकोट, रुकुम (पूर्वी भाग)

# आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम

सिस्ने गाउँसभाको बैठकमा पेशः मितिः २०८२ असार ५
सिस्ने गाउँसभाको बैठकबाट स्वीकृतः  मितिः २०८२ असार ७
प्रमाणिकरणः मितिः २०८२ असार ७

# आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम

**गाउँसभाका सदस्य ज्यूहरु,**

यस गाउँसभा समक्ष सिस्ने गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम पेस गर्न गइरहेको छु । यस अवसरमा म नेपाली समाजको राजनैतिक परिवर्तनको लागि भएका जनयुद्ध, जनआन्दोलन, मधेस, जनजाती, थारुहरु लगायत सशस्त्र संघर्षका क्रममा आफ्नो जीवनको आहुती दिनुहुने सबै ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै बेपत्ता नागरिक र घाइते योद्धाहरुप्रति भावपूर्ण स्मरण एवं हार्दिक सम्मान व्यक्त गर्दछु ।

नेपालको संविधान कार्यान्वयनका क्रममा स्थानीय सरकार स्थापना भएको ८ वर्षको कार्यकालमा राजनैतिक प्रतिनिधित्वको नीति निर्माण तहमा सिमान्तकृत समुदायको उपस्थिति उल्लेखनिय रुपले बढेको देखिन्छ भने सेवा प्रवाहको दृष्टिले प्रशासनिक सुगमताको औचित्य थप पुष्टि हुँदै गएको छ । नीति योजना निर्माण तथा कार्यान्वयनका दृष्टिले संघीय शासन प्रणाली थप सवलिकरण हुँदै गएको देखिन्छ भने साधन स्रोतको स्थानीयकरण हुँदै जाँदा हाम्रो शासन प्रणाली मजबुद हुँदै गइरहेको देखिन्छ । हामी स्थानीय सरकार स्थापना भएको कालदेखि नै स्थानीय समस्याहरुको प्राथमिकिकरण गर्दै योजनाबद्ध निर्माण र विकासको चरण पार गर्दै आइरहेका छौ । 'समृद्ध सिस्ने हाम्रो गन्तव्य' भन्ने मूल नाराका साथ कृषिमा आधुनिकिकरण, शिक्षा र स्वास्थ्यमा गुणस्तरियता कायम गर्ने, सेवा प्रवाहमा रफ्तार वृद्धि गर्ने, सुशासन स्थापना गर्ने, पर्यटन र पूर्वाधारका क्षेत्रमा निर्माणलाई निरन्तरता दिने लगायतका कार्यक्रमहरु अगाडि बढाउँदै आएका छौं ।

हामीले सामना गरिरहेको आर्थिक तरलता, अभाव, मन्दी र आर्थिक संकटले स्रोत सुनिश्चिततामा कठिनाई व्यहोरीरहेका छौ । अस्थिरताका कारण गरिबी निवारण साथै आर्थिक एवं सामाजिक कार्यहरु परिणाममुखी हुन सकिरहेको छैन् । कतिपय अवस्थामा पालिकामा खर्च हुन नसक्ने स्रोत र हाम्रो जस्ता कतिपय पालिकाले न्यून आर्थिक स्रोतका कारण उल्लेख्य एवं ठुला परिणाममुखी विकासका कामलाई सम्पन्न गर्न सकिरहेका छैनन् । उपरोक्त वस्तुगत र आत्मगत अवस्थाका बाबजुत विगत तीन आर्थिक वर्षदेखि उल्लेखनीय प्रयासको थालनी गरिरहेका छौं ।

## १) आर्थिक वर्ष २०८१/८२ मा अगाडी बढाइएका नीति तथा कार्यक्रमको समिक्षा

**सिस्ने गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ मा गरेका उल्लेखनिय कार्यहरु**

### ❖ कृषि विकास शाखाको उपलब्धीहरू

१. संघीय शसर्त अनुदान अन्तर्गत सिस्ने गाउँपालिकालाइ हस्तान्तरित सुन्तलाजात पकेट विकास कार्यक्रमबाट हुन लागेको सिंचाइ योजनाले सिस्ने गाँउपालिकाको ८ नं वडामा रहेको एउटा सिङ्गै गाँउमा सिचाइको सुविधा दिलाएको छ ।

२. मागमा आधारित कार्यक्रममा व्यवसायिक तरकारी तथा फलफूल र अन्य कृषि उपज उत्पादन गर्दै आएका कृषकहरूलाई आर्थिक सहयोग गरिएको थियो । यस प्रकारका कार्यक्रमले कृषकहरूलाई थप व्यवसायिक बनाउन प्रेरित गरेकोछ ।

३. किसान सुचिकरण कार्यक्रम अन्तर्गत सूचिकृत भएका सिस्ने गाउँपालिकाका वडा नं ५ का कृषकहरूले किसान परिचय पत्र प्राप्त गर्नेछन् भने अन्य वडाका कृषकहरू सूचिकृत हुने प्रक्रियामा छन् ।

४. कृषि सम्बन्धी तथ्याङ्क संकलन गरि गाउँपालिकाको कृषि प्रोफाइल निर्माण कार्य अन्तिम चरणमा छ ।

## ❖ शिक्षा

१. सिस्ने गाउँपालिकाको शिक्षा क्षेत्र योजना २०८१ निर्माण गरिएको छ।
२. वडा नम्बर ३ मा पि.टी. प्रार्थना तथा उत्प्रेरणा कार्यक्रम सञ्चालन गरियो।
३. वडा नं. ३, ५, ६, ७ र ८ का विद्यालयहरुमा अक्षर सुधार तथा उत्प्रेरणा कार्यक्रम सञ्चालन गरियो।
४. Real Plane कार्यान्वयन सम्बन्धी प्रधानाध्यापकहरुलाई अभिमुखिकरण कार्यक्रम गरियो।
५. ३ वटा ४ कोठे भवन निर्माण गरियो।
६. कक्षा ५ को वार्षिक परिक्षा वडा स्तरमा सञ्चालन तथा व्यवस्थापन गरियो।
७. ८ वटा मावि तह केन्द्रिय अनुदान र आधारभूत तह गाउँपालिका अनुदान १३ वटा गरी २१ जना नयाँ शिक्षक भर्ना गरियो।

## ❖ स्वास्थ्य शाखा

१. सुत्केरी महिलाका लागि एम्वुलेन्स सेवा देशभरी निशुल्क उपलब्ध गराइयो।
२. सबै वडामा स्वास्थ्य शिविर संचालन गरी सबै प्रकारको स्वास्थ्य सेवा उपलब्ध गराइयो।
३. सुरक्षित गर्भपतन सेवा ५ वटा स्वास्थ्य चौकीमा संचालन गरियो।
४. सिस्ने, प्वाङ, पोखरा र स्यालापाखा स्वास्थ्य चौकीमा USG सेवा संचालन भएको।
५. खरिवोट, दादिङ र स्यालापाखा सामुदायिक स्वास्थ्य ईकाइ स्थापना गरी उपचार सेवा शुचारु गरियो।
६. एच. पी. भि. खोप ६ कक्षा देखि १० कक्षा सम्मका सम्पुर्ण बालबालिकाहरुलाई राष्ट्रिय एच. पी. भि. खोप अभियान संचालन गरी खोप लगाइयो।
७. आ.व.२०८१/०८२ मा ८२ जनालाई रु ५,०००।- को दरले नारी वचत खातामा जम्मा गरेको।

## ❖ प्रशासन शाखा

१. नागरिकको घरघरमा पुगी सेवा प्रवाह गर्न एकिकृत घुम्ति शिविर सञ्चालन गरिएको।
२. कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकासको लागि स्थानीय प्रशिक्षण प्रतिष्ठानसँग अनुरोध गरेर तालिम सञ्चालन गरेको।
३. नागरिको गुनासो सुन्न तथा कार्यालयको सेवा प्रवाहका सम्बन्धमा सवालजावाफ गर्न प्रत्येक चौमासिक रुपमा सार्वजिनिक सुनुवाई कार्यक्रम गरिएको।

## रोजगार सेवा केन्द्र

१. कुल बजेट: ८८ लाख १८ हजार ( भौतिक प्रगति; ४० प्रतिशत, बित्तिय प्रगति ६० प्रतिशत)
२. कुल बेरोजगार: १८६९ जना सूचिकृत गरिएको
३. रोजगारमा संलग्न:८० जनालाई १००दिनको न्यूनतम रोजगारमा संलग्न गराएको,
४. कार्यस्थलमा आधारित ५० दिने सिप विकास तथा जीवन उपयोगी तालिम सम्पन्न गरिएको,
५. श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम सम्पन्न गरिएको,
६. रोजगारीमा खट्टिनुपूर्व श्रमिकहरुलाई अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको,
७. रोजगार संवाद मन्च सन्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ स्वीकृत गरी लागू गरिएको।

## सुरक्षित आप्रवासन(SaMi)कार्यक्रम

यस कार्यक्रम अन्तरगत निम्न उपलब्धि हासिल गरियो

१. सूचनामा पहुँच :१७३९ जना
२. न्यायमा सहजीकरण: ३ जना (१ जना मृत्यु २ जना ठगी पहिचान),
३. मनोसामाजिक परामर्श: ५ जना,
४. अन्तराष्ट्रिय आप्रवासी दिवसको उपलक्ष्यमा वैदेशिक रोजगारीका चुनौती र अवसर शिर्षकमा खुल्ला निबन्ध प्रतियोगिता सम्पन्न,
५. वैदेशिक रोजगार सम्बन्धी सरोकारवालाहरुसंग अन्तरक्रियात्मक तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको,

## ❖ योजना तथा अनुगमन शाखा

१. जम्मा १२७ वटा निर्माण योजनाहरुको सम्झौता गरिएको जसमध्ये १११ उपभोक्ता समिति र १६ वटा आयोजना निर्माण व्यवसायी मार्फत कार्यान्वयन गरिएको।
२. सुरक्षित नागरिक आवास कार्यक्रम अन्तरगत ४४ घरको सम्झौता गरी कार्यान्वयन भएको।
३. सिस्ने गाउँपालिकाका ८ वटै वडाका टोल विकास संस्थाका पदाधिकारीलाई विकास निर्माण तथा प्रशासनिक कार्य सम्बन्धि अभिमुखी कार्यक्रम सम्मपन्न।

## ❖ राजश्व शाखा

१. आर्थिक वर्ष २०८१/०८२ को लक्ष्य रु १,२१,११,५०० आजको मितिसम्म ७८ प्रतिशत संकलन भएको।
२. जम्मा उठेको राजश्व रकम रु. ९३,९८,९६९।७९

## ❖ न्यायिक समिति तथा कानुन इकाइ

**आर्थिक वर्ष २०८१/८२ मा बनेका कानुनहरु**

ऐन १, निर्देशिका ३, कार्यविधि १०, मापदण्ड २, मानक १ जम्मा १७ कानुन

**न्यायिक समिती समक्ष दर्ता भएका जम्मा उजुरी संख्याः ११**

जग्गा सम्बन्धी विवाद १, लेनदेन समबन्धी विवाद ६, मानाचामल सम्वन्धी १,
खानेपानी मुहान सम्बन्धी विवाद १ , चोरी सम्वन्धी १, कुटपिट सम्बन्धी १

१. मिलापत्रको माध्यमबाट फच्र्यौट भएका उजुरी संख्या १० वटा
२. मिलापत्र गर्न बाँकी १ वटा

## ❖ महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा

१. लैंगिक बजेट परीक्षण सम्पन्न,
२. आपतकालिन बाल उद्धार कोष कार्यविधि निर्माण तथा सो सरोकारवालालाई अभिमुखिकरण सम्पन्न
३. स्थानीय बाल संरक्षण समिति गठन तथा बाल कल्याण अधिकारी तोकीएको,

४. एकजना बालिकाको उद्धार तथा पुर्नस्थापना,
५. घुम्ति शिविर मार्फत अपांगता परिचय पत्र तथा जेष्ठ नागरिक परीचय पत्र वितरण तथा समन्वय,
६. किशोरीहरुको नेतृत्व तथा क्षमता विकासका लागी उद्धोषण तालिम र लक्षित वर्गहरुको समन्वय र सहकार्यमा विभिन्न चेतनामुलक कार्यक्रमहरु गरिएको छ।
७. लैंगिक हिंसा निवारणका लागी पिडित महिला,बालबालिका तथा हिंसा पिडित महिलाको सेवाका लागि कानुनि परामर्श, बहस, पैरवी,मनोपरामर्श, सम्बन्धित निकाय संग समन्वय, सहकार्य निरन्तर रुपमा भइरहेको।

## ❖ पूर्वाधार शाखा

१. संघीय समपुरक अनुदान तर्फ चोकबजार-पाखागाउँ-सेराखेत ढल निकास निर्माणको काम ठेक्का सम्झौता भई काम सञ्चालनमा रहेको (हाल सम्मको भौतिक प्रगति ९0%)
२. संघीय शसर्त अनुदान (विद्यालय पूर्वाधार निर्माण) प्रति विद्यालय रु. ६५ लाखमा भवन निर्माणका लागी बजेट विनियोजन भएकोमा ठेक्का सम्झौता मार्फत काम सुरु भएको जसमा

- त्रि.ज.मा.वि. सिस्ने-०६ छिप्रिदह- १००% भौतिक प्रगति
- सौजन्य आ.वि. सिस्ने-०३ पाङ्गा- ५०% ठेक्का भौतिक प्रगति
- आधारभूत विद्यालय सिस्ने-०८ स्यालापाखा- ७०% भौतिक प्रगति

३. संघीय विशेष अनुदान तर्फ विद्यालयको शैक्षिक तथा भौतिक पूर्वाधार खरिद तथा निर्माणका लागि बजेट विनियोजन भएकोमा ११ वटा विद्यालय मध्ये १० वटामा सम्झौता भई काम सञ्चालनमा आएको,
४. प्रदेश शसर्त तर्फ जम्मा ३ ओटा पूर्वाधार निर्माण तथा मर्मत शिर्षकमा बजेट विनियोजन भएकोमा सबै योजना ठेक्का प्रक्रिया मार्फत खरिद तथा सम्झौता भई कार्यान्वयनमा आएको जसमा

- वडा कार्यालय भवन तला थप तथा मर्मत सिस्ने ३ , ९५% भौतिक प्रगति
- श्री जनता मा.वि. पोखरा भवन तथा तला थप, सिस्ने ३, रुकुम पूर्व- काम सुरु
- ठूलो सिस्ने ढल निकास, सिस्ने १, रुकुम पूर्व- सम्झौता भई ९५% भौतिक प्रगति

५. स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) तर्फ जम्मा २ ओटा योजना छनौट भएकोमा धाउँने-अमलाचौर-तितेखोला सडक स्तरोन्नति र तिप्परा-सुद्रि-सिस्ने सडक स्तरोन्नतिको सम्झौता भै निर्माण कार्यको क्रमशः ५०% र ६०% भौतिक प्रगति भएको,
६. संघीय शसर्त कार्यक्रम तर्फ गाउँपालिकाका स्वास्थ्य संस्थाबाट निशुल्क बितरण गरिने औषधी खरिदका लागी ठेक्का विधि मार्फत खरिद कार्यको लागि सम्झौताको भएको
७. संघीय शसर्त अनुदान तर्फ वडा नं-०२ नायगाढमा निर्माणाधिन ५ शैया अस्पताल भवनको काममा हालसम्म ८५% भन्दा बढि भौतिक प्रगति हाँसिल भई सम्पन्नताको चरणमा रहेको,
८. विपद् तथा अन्य प्रकोपबाट क्षति भएका घरपरिवारका लागी राहत (१२ घरपरिवार नगद, ९ घरपरिवार जिन्सी सामान) वितरण गरिएको
९. पर्यटन विभाग अर्न्तगत प्राप्त ३ वटा योजनाको अख्तियारी तथा स्वीकृत बजेटबाट सिस्ने पर्यटन पदमार्ग सिस्ने-०१ निर्माणका लागी योजना सम्झौता भई काम सुरु भएको साथै गुरिल्ला ट्रेल अर्न्तगत वडा नं-०२ नायगाढ देखि

छिपखोला सम्मको खण्डमा पदमार्ग निर्माण र रुकुमकोटमा रहेको पुरातात्विक तथा ऐतिहासिक सम्पदाहरुको संरक्षण योजना लागी ठेक्का आव्हान भै क्रमशः ४०% र ६०% भौतिक प्रगति भएको।

## ❖ पशुपन्छी विकास शाखा तर्फ

१. बाख्रामा नश्ल सुधार गर्नको लागि ५ वटा कृषक फर्महरुलाई ५ वटा उन्नत जातको बोयर बोका वितरण गरिएको।
२. कृषकहरुको क्षमता अभिमुखिकरण गर्नको लागि वडास्तरमा गई पशुपन्छीपालन सम्वन्धी तालिम संचालन गरिएको जसबाट ११० जना कृषकहरु लाभान्वित भएको।
३. एकल महिलाहरुको आयआर्जन गर्नको लागि सिस्ने ६ नं वडा अन्तर्गतका ६ जना एकल महिलाहरुलाई उन्नत जातको बाख्रा वितरण गरिएको।
४. मिति २०८१ श्रावण देखि हाल सम्म २६३१० पशुपन्छीहरुलाई औषधी वितरण तथा उपचार गरिएको।

## ❖ पञ्जिकरण शाखा

१. गाउँपालिका भित्रका ८ वटै वडामा घटना दर्ता सप्ताह कार्यक्रम सञ्चालन गरियो।
२. वडा सचिव तथा कार्यालय कहायकसँग व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षामा बायोमेट्रिक प्रयोग सम्बन्धि अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो।
३. समाजिक सुरक्षा भत्ता खाने लाभग्राहिको विवरण

अन्य ज्येष्ठ नागरिक- ९८७, दलित ज्येष्ठ नागरिक- १३५, ज्येष्ठ नागरिक एकल महिला- १२८,
विधवा महिला -२९९, पूर्ण अपांगता भएका व्यक्ति – ३९, अति अशक्त अपाङ्गता भएका व्यक्ती -१०८,
क्षेत्र तीकिएका ५ वर्ष मुनिका बालबालिका – १६३२, दलित बालबालिका ५ वर्ष मुनिका – २४८
जम्मा संख्या – ३५७६ जना रहेको छ।

## ❖ अल्पकालिवन सुरक्षित आवास गृह(सेफ हाउस)

**जम्मा सेवाग्राही- ४५१**
यस वर्ष – ४८ महिला – ४७ र पुरुष- १

## सेफ हाउसमा बसेका जम्मा हिंसा पिडित संख्या- ३६

सिस्ने गाउँपालिका -६, भूमे गाउँपालिका – १२, पुथा उत्तरगंगा गाउँपालिका- १२, रोल्पा -२, बागलुङ- २
वुटवल- १, डोल्पा- १

सेफ हाउसमा आएका विभिन्न हिंसा प्रभावित ४३ जना सेवाग्राहीलाई सहायता सामाग्री वितरण गरिएको छ।

## लघु उद्यमतर्फ

१. उद्यम विकासको लागि सामाजिक परिचालन,

सिस्ने-२ मा २९ जनालाई अभिमुखिकरण, ५७ जनालाई ग्रामिण लेखाजोखा(पि. आर. ए.) कार्यक्रम, १५/१५ जनाको दुइ वटा समूह गठन, ३५ जनालाई उद्यमशीलता विकास तालिम प्रदान गरिएको छ। यसैगरी प्राविधिक सिप विकास तालिम तथा प्रविधिमा पहुँच कार्यक्रम, १५ जनालाई मौरीपालन सम्बन्धी प्राविधिक सिप विकास तालिम तथा प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरिएको छ।

१ महिने निँगालो हस्तकला सम्बन्धी प्राविधिक सिप विकास तालिम तथा प्रविधि हस्तान्तरण वडा नं.२ खरिबोटमा १५ जना सहभागीहरुको समूहमा सम्पन्न भएको छ । जसमा जम्मा ३० जना नयाँ उद्यमी सिर्जना भएको ।

२. स्तरोन्नती तर्फको १५ दिने मुढा बुनाई सम्बन्धी पुनर्ताजगी तालिम वडा नं.७ गोठीचौरमा १३ जना सहभागीहरुको समूहमा सञ्चालन भईरहेको छ ।

## *२) हाम्रा नीति तथा कार्यक्रम लागु गर्दै गर्दा कार्यान्वयनका लागि आइपर्ने समस्या चुनौती तथा अवरोह संक्षेपमा उल्लेख गर्दछु ।*

**समस्याहरु;**

क) विकट भूगोल, छरिएर रहेका बस्ती तथा न्यून स्रोत साधन,
ख) सक्रिय युवा शक्तिको विदेश पलायनले अर्थपूर्ण जनसहभागिता नहुनु,
ग) कृषिमा व्यवसायीकरण, बजारीकरण तथा आधुनिकिकरणमा जान नसक्नु,
घ) संघियताको मर्म अनुसार ऐन कानुन नहुँदा सेवा प्रवाहमा समस्या ।

**चुनौतीहरु;**

**क**) गुणस्तरिय शिक्षाको सुनिश्चितता गर्नु चुनौती,
**ख**) गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्नु,
**ग**) कृषिमा उत्पादनशिल रोजगारी सिर्जना गर्नु,
**घ**) सार्वजनिक निर्माणलाई गुणस्तरिय र दिगो बनाउनु,
**ङ**) पालिकाको केन्द्र एवं जिल्ला सदरमुकाम रुकुमकोटलाई व्यवस्थित एवं सुन्दर शहरमा रुपान्तरण गर्नु,
**च**) सुन्दर, सुरक्षित र व्यवस्थित बस्तीहरु निर्माण गर्नु,
**छ**) विधिको शासन स्थापना, सेवा प्रवाहलाई नागरिकमैत्री र सर्वसुलभ बनाउनु,
ज) आवश्यकता र स्रोतको सिमितता र प्राथमिकताको तालमेल मिलाउनु ।

## *३) माथी उल्लेखित चुनौतीहरु भएपनि हामीसँग तदनुसारको अवसर एवं सवल पक्षहरु रहेका छन् । जो हाम्रा विकासका आधार हुन् ।*

क) राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गले केन्द्रलाई छुनु,
ख) प्राकृतिक, सांस्कृतिक र ऐतिहासिक पर्यटकिय गन्तव्यहरु हुनु,
ग) प्राकृतिक स्रोत साधन जडिबुटी उपलब्ध हुनु,
घ) पोखरा, नेपालगञ्ज, सुर्खेत, घोराही, तुलसिपुर, वुटवलसँग सडक संजाल राम्रो हुनु,
ङ) गाउँपालिका शैक्षिक, स्वास्थ्य, कानुनी र संस्थागत रुपमा सुदृढ हुँदै जानु,
च) पालिकासँग जिल्लाको सदरमुकाम समेत रहेको हुँदा पूर्वाधार क्षेत्रमा समन्वय र सहकार्यमा उल्लेखनिय र देखिने गरी काम सम्पन्न गर्न सकिने लगायतका अवसरहरु हाम्रा सामु विद्यमान छन् ।

स्थानीय सरकार सञ्चालनको ८ वर्ष र विशेष गरी हाम्रो कार्यकालको ३ वर्षको अनुभव, चालु आर्थिक वर्ष २०८१/८२ को सिमित स्रोत साधन असिमित आवश्यकता र असन्तुलित वितरणको कारण उत्पन्न चुनौतिका

बिचमा पनि हामीले आशातित उपलब्धी हासिल गरेका छौँ। अब हाम्रो संविधान २०७२ मा भएको व्यवस्था अनुरुप स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गर्दै राष्ट्रिय योजना आयोग, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले गरेको सैद्धान्तिक मार्ग निर्देशन संघीय सरकारले तय गरेको नीति कार्यक्रम तथा बजेट, लुम्बिनी प्रदेश सरकारले प्रस्तुत गरेको नीति, कार्यक्रम तथा बजेटलाई समेत मार्ग दर्शनका रुपमा ग्रहण गर्दै दिगो विकास लक्ष लगायत सिस्ने सरकारको समेत सोच, ध्यय, उद्देश्य, लक्ष र तदनुकुलको नीति योजना र कार्यक्रमलाई यस नीति तथा कार्यक्रमका आधारका रुपमा लिएको छु। विगतका हाम्रा अनुमान र सिकाइमार्फत आगामी नीति तथा कार्यक्रम थप प्रभावकारी र वस्तुपरक हुने विश्वास गरेका छौँ।

## ४) आर्थिक वर्ष २०८२/८३ का नीति तथा कार्यक्रम

### ❖ कृषि

१. निर्वाहमुखी कृषि प्रणालीबाट समुदाय विस्तारै व्यावसायिक हुँदै गइरहेको विषयलाई थप टेवा दिदै यान्त्रिकिकरण, आधुनिकिकरण, र बजारिकरण गर्दै लैजाने गरेर विशेष कार्यक्रम तयार गरी 'कृषि उपज बजारसम्म-मुनाफा किसानको खल्तिसम्म' पुग्नेगरी मूर्त र वस्तुवादी कार्यक्रम बनाइने छ।

२. कृषि पकेट क्षेत्रको विकास र विस्तार गर्दै एक टोल एक उत्पादन कार्यक्रम तर्जुमा गरिने छ।

३. कृषि बिमा कार्यक्रमलाई निरन्तरता दिदैं कृषि सम्बन्धि आधुनिक तालिम सञ्चालन गरिने छ।

४. कृषि उत्पादनका लागि उत्पादनमा आधारित प्रोत्साहन अनुदानलाई थप प्रभावकारी ढंगले अगाडी बढाइने छ ।

५. किसान सूचिकरण तथा परिचय पत्र वितरणको कामलाई यथाशिघ्र लागु गरिने छ। व्यवासायिक कृषि समुह एवं उद्योगको अभिलेखिकरण गरिने छ।

६. रैथाने बालीको संरक्षण गरिने छ। जैविक खेती किसानको कार्यक्रम लागु गरिने छ।

७. प्राङ्गारिक वस्तु प्रमाणिकरणको कार्यक्रम लागु गरिने छ।

८. बगैँचा सुदृढिकरण कार्यक्रम सञ्चालन गरिने छ।

९. पशु तथा कृषि उत्पादन, संकलन, बिक्रि वितरण समिति एवं कृषि उपज संकलन खरिद एवं बिक्रि चक्रिय कोष स्थापना गरी सञ्चालनमा ल्याइने छ।

१०. पूर्वाधार एम्बुलेन्सको व्यवस्था गरी सञ्चालनमा ल्याइने छ।

११. चिस्यान केन्द्रको अधुरो कार्यलाई पुरा गरी सञ्चालनमा ल्याइने छ।

१२. मागमा आधारित नविनतम कृषि प्रविधि सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइने छ।

१३. मौसमी तथा बेमौसमी अर्थात छिटो प्रतिफल दिने कृषि उपज तथा कृषकलाई आकर्षित गर्ने र स्थानीय तहमा सार्वजनिक, निजी सहकारी क्षेत्रको सहकार्यमा सित भण्डार, कृषि हाटबजार र कोशेली घर स्थापना र सञ्चालनमा ल्याइने छ।

१४. भूमिहिन दलित भूमिहिन सुकुमबासी र अव्यवस्थित बसोबासीको समस्या समाधानको लागि लगत सङ्कलन प्रमाणिकरण जग्गा नापी आदि कार्य सम्पन्न गरिनेछ ।भूमी समस्या समाधान आयोगसँग सहकार्य गरी जग्गाधनी प्रमाण पूर्जा उपलब्ध गराउन थालिनेछ। यसका लागि आवश्यक बजेछ व्यवस्था गरिनेछ।

१५. जमिनमा महिला किसानको संयुक्त वा एकल स्वामित्व कायम गर्ने विषयलाई अभियानका रुपमा कार्यान्वयन गरिनेछ। महिलाको भूस्वामित्वको सम्बन्धमा वडा तहमा छलफल गरिनेछ।

### ❖ शिक्षा

१६. शिक्षा पूर्वाधारको पनि पूर्वाधार भएकाले 'शिक्षा विशेष' कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइने छ।

१७.शैक्षिक सुधार कार्यक्रम र विद्यालय क्षेत्र सुधार कार्यक्रमलाई अनिवार्य सञ्चालनमा ल्याइने छ । प्रधानाध्यापकसँग कार्यसम्पादन करार सम्झौतालाई निरन्तरता दिदैँ विद्यालयमा लागु गरिने छ।

१८.प्रविधिमैत्री शिक्षा, संस्कृतीमैत्री शिक्षा कार्यक्रमलाई जोड दिदै सामुदायिक विद्यालयमा पुर्वाधारयुक्त प्रविधिमा आधारित गुणस्तरीय र व्यवहारिक/वैज्ञानिक शिक्षा शिक्षण पद्धती सञ्चालन गर्नुका साथै विद्यालयलाई सुशासनयुक्त, वार्षिक शैक्षिक तालिका, परिक्षा प्रणाली लागु गर्नुका साथै प्रतिवेदन लेखाकंनलाई एक रुपता प्रदान गरिने छ।

**१९**.सरोकारवाला पक्षहरुसँगको समन्वयमा अनुगमन तथा नियमन कार्यमा जोड दिदैँ प्रत्यक्ष विद्यार्थीद्धारा शिक्षक कर्मचारीको मूल्याङ्कन दण्ड सजायको प्रवन्ध हुने गरी कार्यक्रम मिलाईने छ।

**२०**.राष्ट्रिय पाठ्यक्रमले स्थानीय तहबाट निर्माण हुने गरी छुट्याइएको कार्यक्रमलाई स्थानीय आवश्यकता अनुरुप व्यवहारिक, जिवनउपयोगी, संस्कृति एवं सभ्यता बताउदै योगा अभ्यास समेत समावेश गर्दै लगिने छ।

**२१**.शैक्षिक गुणस्तर सुधार गर्न विषयगत र तहगत शिक्षक कर्मचारीहरुका लागि छोटो आवधिक तालिम सञ्चालन गरिने छ। साथै प्रधानाध्यापकहरुलाई शिक्षण सिकाइ लगाएत समग्र व्यवस्थापनको नेतृत्वदायी भूमिकाप्रति नियमन, जिम्मेवार र जवाफदेहि बनाउदै लगिने छ।

**२२**.हरेक विद्यालयहरुमा बाल शिक्षा कक्षाहरुमा आवश्यक शैक्षिक सामाग्री, जनशक्ति व्यवस्थापन र सहजकर्ताहरुको लागि क्षमता विकास तालिम कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गरिने छ।

**२३**.शिक्षक, अभिभावक, विद्यार्थी उत्प्रेरणा तथा पि. टी. प्रार्थना कार्यक्रमलाई  निरन्तरता दिइने छ।

**२४**.आगामी वर्षहरुमा सामुदायिक विद्यालयहरुमा शिक्षक दरबन्दी मिलान, शिक्षक नियुक्ती र शिक्षक सरुवा तथा विद्यालय कर्मचारी नियुक्ती प्रकृयालाई नियमसंगत र पारदर्शी बनाउदै व्यवस्थित गरिने छ।

**२५**.शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न दलित, विपन्न, द्धन्द्धपिडित कोभिड-१९ बाट अभिभावक गुमाएका असाहाय छात्रछात्रालाई प्रोत्साहन गर्न पोसाक तथा शैक्षिक सामाग्री वितरणलाई सहज र सुलभ बनाइने छ।

**२६**.सबै माध्यामिक स्तरमा बृहत्तर यौनिकता तथा प्रजनन् स्वास्थ्य, किशोरकिशोरीमैत्री सूचना केन्द्र स्थापना गरिसकिएकोले आर्थिक वर्ष २०८२/८३ बाट किशोरकिशोरीमैत्री सूचना केन्द्रको स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिइने छ। साथै जीवनउपयोगी सिप विकासको लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ।

**२७**.विद्यालय, पालिका, जिल्ला र प्रदेश हुँदै राष्ट्रिय स्तरसम्म आफु र समुदायको पहिचान झल्कने गरी उत्कृष्ट र मेधावी खेलाडीहरुको छनौट गर्न राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितालाई समयअनुकुल थप व्यवस्थित रुपमा सञ्चालन गरिने छ।

**२८**.विद्यालयमा रहने तथ्याङ्कलाई चुस्त दुरुस्त, पारदर्शी तथा व्यवस्थित बनाउन एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली(IEMIS) भराउने कार्यको प्रभावकारी कार्यान्वयन गरिने छ। शैक्षिक भ्रमणको अवसर उपयोग गरिने छ।

**२९**.शैक्षक गुणस्तर कायम गर्न र विद्यार्थी सिकाइ उपलब्धी परिक्षण गर्न कक्षा ४ देखी ९ सम्मको परिक्षालाई पालिकास्तरमा व्यवस्थित गर्दै वडा स्तरसम्म वार्षिक परिक्षा सञ्चालन प्रणालीलाई चुस्त, दुरुस्त, मर्यादित र थप व्यवस्थित बनाउँदै लगिने छ।

**३०**.शिक्षक तथा विद्यार्थीहरुमा भाषिक शुद्धता र स्पष्ट रुपमा वर्ण मिलाई लेखन सिप विकास गर्न अक्षर सुधार कार्यक्रमलाई क्रमश; पालिका भरका सबै विद्यालयहरुमा विस्तार गर्दै लगिने छ।

**३१**.भर्खरै निर्मित सिस्ने गाउँपालिकाको शिक्षा क्षेत्र योजना २०८१ लाई कार्यान्वयनमा लगिने छ।

**३२**.विद्यालय पूर्वाधार निर्माण र मर्मत संभार कार्यक्रमलाई निरन्तरता दिइने छ।

## ❖ स्वास्थ्य

३३.आधारभूत स्वास्थ्य सेवालाई सर्वसुलभ, सहज र पहुँचयोग्य तुल्याउदै सबै स्वास्थ्यचौकी, आधारभूत स्वास्थ्य केन्द्र र सामुदायिक स्वास्थ्य इकाईलाई थप व्यवस्थित र प्रभावकारी तुल्याइने छ।

३४.गर्भवती, सुत्केरी महिलाका लागि यातायातका साथै उत्प्रेरणा खर्चको कार्यक्रमलाई निरन्तरता दिइने छ।

३५.मातृ शिशु स्वास्थ्यमा सुधार हुँदै गएको अवस्थालाई ध्यान दिदैं किशोरी, गर्भावस्था र सुत्केरी स्वास्थ्य सचेतना एवं बहुक्षेत्रिय पोषण कार्यक्रम सञ्चालन गरिने छ।

३६.नारी बचत कार्यक्रम र सुत्केरीका लागि सुलभ यम्बुलेन्स विशेष सेवालाई निरन्तरता दिइने छ।

३७.पालिका भित्रका बर्थिङ सेन्टर र प्रयोगशालाबाट प्रवाह हुने सेवालाई थप व्यवस्थित बनाइने छ।

३८.स्वास्थ्य चौकी व्यवस्थापन समितिको प्रभावकारिता सुनिश्चितताका लागि विशेष कार्यक्रम ल्याइने छ।

३९.महिला स्वास्थ्य स्वयमंसेविका, स्वास्थ्यकर्मी र जनशक्तिका लागि तालिमको व्यवस्था गरिने छ।

४०.मानसिक स्वास्थ्य शिविर कार्यक्रमको लागि आवश्यक व्यवस्था मिलाईने छ।

४१.मोतिबिन्दुको अप्रेसनको लागि विशेष व्यवस्था मिलाईने छ।

४२.विशेषज्ञ सेवाका लागि शिविर सञ्चालन गर्न र पालिका भित्रबाट सेवा प्रदान गर्ने प्रबन्ध मिलाइने छ।

## ❖पर्यटन

४३.आर्थिक वर्ष २०८१/०८२ मा पर्यटन प्रवर्धनलाई प्राथमिकतामा राख्दै केहि पूर्वाधारका कार्यक्रमहरु सम्पन्न गरिएको छ।

४४.पोखरा-भैरहवा-रुकुमकोट-से-फोक्सुण्डोसम्मको ट्रयाक बनाउनलाई डकुमेन्ट्री निर्माण, सिस्ने गाउँपालिका भित्रका सांस्कृतिक तथा सामाजिक डकुमेन्ट्री निर्माण र सिस्ने हिमाल पदमार्गको नक्सा विश्लेषण एवं प्रकाशनको कार्य अन्तिम चरणमा पुगेको छ। रुकुमकोटलाई जिल्लाकै हिमाली पर्यटन हब घोषणा गर्दै थप विकासका ढोका खोलेका छौ। आर्थिक वर्ष २०८२/०८३ का लागि पनि पर्यटन प्रवर्धनका कार्यहरुलाई निरन्तारता दिदै लगिने छ।

४५.सिस्ने राउण्डमा पदमार्गको कार्यलाई निरन्तरता दिइने छ।

४६.रुकुमकोट हुँदै सिस्ने र से-फोक्सुण्डो सम्मका पर्यटकिय मार्गलाई प्रवर्द्धन गर्न संघ र प्रदेश सरकारसँगको सहकार्यमा विशेष कार्यक्रमहरु सञ्चालन गरिने छ।

४७.पदमार्गहरुमा पूर्वाधारका बाँकी कामहरुलाई थप यथाशिघ्र सञ्चालनमा ल्याइने छ।

४८.गुरिल्ला ट्रेल, कमलदह सौन्दर्यकरण, देउराली ओढार, तातो पानी मुहान संरक्षण, झुम्कामारे- ठाटीडाँडा द्धन्द्धस्थल, संग्राहलय, नेटा सहिदपार्क, गुप्ता दह, देउवर काजी मन्दिर, छिप्रिदह संरक्षण, कोटघर संरक्षण, सानो डिग्रे, रामजैसी मन्दिर, बाघर मन्दिर, गोरखनाथ मन्दिर घङ्गारुचौर लगायत पर्यटकिय क्षेत्रहरुको निर्माण पूननिर्माण (जिर्नोद्धार) सौन्दर्यकरणका कार्यहरु गर्दै पर्यटन प्रवर्धन गरिने छ।

४९.रुट गाइड, होटेल व्यवस्थापन, सूचना केन्द्र सञ्चालन लगायतका सिपमुलक तालिम सञ्चालन गरिने छ। ऐतिहासिक सम्पदाको संरक्षण गर्ने नीति लिइने छ।

५०.नीजि क्षेत्रसँगको सहकार्यमा जिपलाईन स्थापना सञ्चालन कार्य अघि बढाउन जोड दिइने छ।

५१.जिपलाईन, रक क्लाइमेन्ट र बन्जीजम्प लगाएत साहसिक खेलहरुलाई सम्भाव्यता अध्ययन र पूर्वाधार निर्माणका लागि आवश्यक पहल गरिने छ।

५२.बाउन्न पोखरी त्रिपन्न टाकुरीको रेखाङ्किय नक्साङ्कनको लागि आवश्यक पहल गरिने छ।

५३.सिस्ने बेस क्याम्पमा सिस्ने राउण्ड, नौ दह, पूर्मुली क्षेत्रमा पूर्वाधार निर्माण गर्दै जाने कार्यलाई अगाडी बढाइने छ। अन्य इच्छुक संघसंस्थाहरुको सहकार्यलाई प्राथमिकताका साथ अगाडी बढाइने छ।

## ❖भौतिक पूर्वाधार

५४.पालिकाले तयार पारेको पूर्वाधारको कामलाई यथाशिघ्र कार्यान्वयनमा ल्याउने प्रबन्ध मिलाईने छ।

५५. संघ र प्रदेश सरकारसँगका क्रमागत एवं समपूरक योजनालाई परिणाममुखी, गुणस्तरीय र समयसिमा भित्र सम्पन्न गर्न पहल लिइने छ । स्थानीय पूर्वाधार सहयोग कार्यक्रम लगायत अन्य साझेदार संस्थासँगको सहकार्यमा पूर्वाधार निर्माण तथा स्तरोन्नतिका कार्यहरु सम्पन्न गरिनेछ ।

५६. देउखोलामा निर्माण भइरहेको चुनौतिपूर्ण बाटोलाई एलाइनमेन्ट परिवर्तन गर्न, समयमै काम सक्नको लागि र थप ठेक्का प्रक्रियका लागि विशेष पहल लिइने छ ।

५७. श्रममा आधारित कामलाई उपभोक्ता समितिमार्फत गर्न क्षमता वृद्धिका तालिमलाई निरन्तरता दिइने छ ।

५८. पूँजिगत बजेटको कम्तिमा ३ प्रतिशत बजेट पूर्वाधार मर्मत तथा सम्भार गर्ने गरी बिनियोजन गरिने गरी प्रबन्ध मिलाईने छ ।

५९. सुद्रि-भट्टेचौर सडक लाई सडकको प्रथम प्राथमिकतामा राखी समपुरक बजेट मार्फत प्रभावकारी कार्यान्वयमा जोड दिइनेछ ।

६०. रुकुमकोटमा ढल निकासको योजनालाई निरन्तरता दिई जिल्ला सदरमुकामको सरसफाई कार्यलाई जोड दिइने छ ।

६१. जलवायु उत्थानशिल, समावेशी, जवाफदेही तथा दिगो स्थानीय पूर्वाधारका लागि आवश्यक नीति तथा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

६२. पालिका स्तरिय गौरवका आयोजना छनौट गरी कार्यान्वयनको लागि सुनिश्चित गरिनेछ ।

६३. पालिकाको भू-उपयोग क्षेत्र निर्धारण गरी वस्ती विकास योजना सहित "भौतिक विकास गुरुयोजना" तयार गरी आवास तथा वस्ती विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार विकास निर्माण कार्य व्यवस्थित र गुणस्तरिय रुपमा सञ्चालन गरिनेछ ।

६४. भूक्षय जोखिम भएको ठा उँमा वायोइञ्जिनियरिङ जस्ता नविनतम प्रविधिको अवलम्बन गरी पहिरो नियन्त्रण तथा सडक सञ्जाललाई भरपर्दो र सुविधा सम्पन्न बनाउँन पहल गरिनेछ ।

## ❖ पशुपंक्षी

६५. पशुपालन मार्फत पशुपंक्षीजन्य उत्पादनमा पालिकालाई आत्मनिर्भर बनाउनुको साथै यस्ता उत्पादनलाई निर्यात प्रवर्धन गर्न, स्वरोजगार वृद्धि गर्न र आर्थिक विकास गर्ने नीति लिइने छ ।

६६. यस वर्ष पनि विभिन्न भ्याक्सिनको कामलाई (PPR, Rabies) आदी थप व्यवस्थित र प्रभावकारी तुल्याइने छ ।

६७. घास खेतीमा आधारित पशुपालनलाई कम गरी व्यावसायिक पशुपालनतर्फ आकर्षित गर्ने कार्यक्रम ल्याइने छ ।

६८. रैथाने जातको पशुपंक्षी पालनको संरक्षण गर्दै नश्ल सुधारको कार्यक्रमलाई व्यवस्थित बनाउदै लगिने छ । यसले शिघ्र प्रतिफल र वृद्धि गर्न मदत गर्ने छ ।

६९. किसानको मागको आधारमा आधारित कृषक सहयोग कार्यक्रम बनाइने छ ।

७०. पशुपंक्षी विकासको कार्यक्रमलाई निरन्तरता दिइने छ ।

७१. जीवन निर्वाहमुखी पशुपालनलाई व्यावसायिक र व्यापारिकतर्फ आकर्षित गर्दै लगिने छ ।

७२.

## ❖ बहुक्षेत्रिय पोषण

७३. सुनौलो हजार दिनका आमा, गर्भवती तथा सुत्केरी, ५ वर्ष मुनिका बालबालिका र किशोरकिशोरीहरुको पोषणको अवस्थामा सुधार ल्याउने कार्यक्रम संघिय सरकारसँगको साझेदारीमा विगत वर्षदेखी सञ्चालित बहुक्षेत्रिय पोषण कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइने छ ।

७४.पोषण संवेदनशिल र पोषण सामर्थ्य बनाउने वातावरण सम्बन्धी कार्यक्रमको विस्तार गरी किशोरी महिला तथा बालबालिकाहरुको पोषण अवस्थामा सुधार ल्याउदै मानव पूँजीको विकास गर्ने नीति अबलम्बन गरिएको छ । सोहि बमोजिम विषयगत शाखाहरुको सहकार्यमा कार्यक्रम कार्यान्वयन गरिने छ।

७५.माध्यामिक तहका विद्यालयका किशोरीहरुको पोषण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने र १०-१९ वर्षका किशोरीहरुलाई जीवनपयोगी सिप विकास तालिम संचालन गरिने छ।

७६.मानव-करेशाबारी-पोषण-दक्ष जनशक्ती जस्तो चक्रिय विकासबारे जनचेतना कृषि कार्यक्रम संचालन गरिने छ ।

## ❖महिला, बालबालिका तथा ज्येष्ठ नागरिक

७७.महिलाका लागि राजनैतिक, आर्थिक, सामाजिक सशक्तिकरणको विभिन्न कार्यक्रमहरु; सिप विकास, आयआर्जन, जनचेतना, आत्मरक्षा आदी विभिन्न कार्यक्रम संचालन गरिने छ।

७८.लैंगिक समानता तथा सामाजिक समावेशिकरणका विशेष कार्यक्रमद्धारा लैंगिक हिंसा नियन्त्रण र घटना व्यवस्थापनका लागि सामुदायिक संयन्त्रहरुलाई शसक्त र सक्रिय रुपमा परिचालन गरिने छ।

७९.बालमैत्री गाउँपालिका स्थापनाका लागि, बाल विवाह नियन्त्रणका लागि, बाल श्रम उन्मुलनका लागि, बाल हिंसा नियन्त्रणका लागि मूर्त र विशेष कार्यक्रम सञ्चालन गरिने छ।

८०.किशोरीहरुका लागि व्यक्तित्व विकास एवं सिप विकासका विभिन्न कार्यक्रम सञ्चालन गरिने छ।

८१.मध्यम अपागंता भएका नागरिकहरुका लागि व्यावसायिक सिपमुलक तालिमको तर्जुमा गरिने छ।

८२.पूर्ण अशक्त तथा संरक्षकत्व नपाएका अपागंगता भएका नागरिकको लागि पुनर्स्थापनाका विशेष कार्यक्रमको लागि पहल गरिने छ।

८३.ज्येष्ठ नागरिकका लागि परिवार र युवापुस्तालाई जिम्मेवार बनाउन विद्यालयस्तरमा अन्तरपुस्ता सिप हस्तान्त्रण कार्यक्रम संचालन गरिने छ।

८४.महिला, बालबालिका, ज्येष्ठ नागरिकका नाममा हुँदै आएका अभियान र दिवसिय कार्यक्रमहरुलाई निरन्तरता दिदैं यस वर्ष पनि मनाइने छ।

८५.महिला, अपांगता भएका व्यक्तिहरु, यौनिक तथा लैंगिक अल्पसंख्यक, सिमान्तकृत तथा लोपोन्मुख समुदाय, बालबालिकाहरुको हकको संरक्षण तथा प्रगति सम्बन्धी नीति, कानुन, सिद्धान्त, योजना निर्माण गरी कार्यान्वयन गरिनेछ।

८६.लैंगिक उत्तरदायी बजेट प्रणाली लागू गरिनेछ।

८७.लैंगिक हिंसा हटाउन निरोधात्मक, प्रबर्धनात्क तथा सुरक्षात्मक उपायहरु अपनाउन पुनःस्थापना केन्द्र, बालगृह, जेष्ठनागरिक आश्रय स्थल स्थापना तथा सञ्चालन गरिनेछ।

८८.यौन उत्पीडन दुर्व्यवहार शोषण बाल दुर्व्यवहार सम्बन्धी उजुरीहरुमा शून्य सहनसिलताको नीति लिई सो उजुरीहरुलाई गोप्य ढंगले तत्काल छानविन गरी कानुनी प्रकृयामा लगिनेछ।

## ❖खानेपानी तथा सरसफाई

८९.स्वच्छ पिउने पानिको आपूर्तीको लागि उपभोक्ता समिति मार्फत प्रभावकारी रुपमा मुहान तथा ट्याङ्की संरक्षण मर्मत, पाइप जडान, धारा वितरणको व्यवस्था मिलाइने छ।

९०.स्थानीय पूर्वाधार सहयोग कार्यक्रम लगायत अन्य साझेदार संस्थाहरुको साझेदारीमा अधुरा खानेपानी आयोजना सम्पन्न गर्ने गरी कार्यक्रम बनाइनेछ।

९१.बढ्दो प्लाष्टिकजन्य फूलजन्य वस्तुलाई निरुत्साहित गर्दै जैविक फूलको प्रयोग र बिक्रि वितरणलाई बढवा दिइने नीति लिइने छ।

९२. प्लाष्टिकजन्य वस्तुको प्रयोगलाई हटाउदै बिरुवाका पात बोक्रा तथा रेसामा आधारित वस्तुको बिक्रिवितरण र प्रयोगलाई प्राथमिकता दिने कार्यक्रम ल्याइने छ।

## ❖ रोजगार एवं स्वरोजगार

९३. वैदेशिक रोजगारीमा गएकाहरुको सुरक्षालाई मध्यनजर गर्दै सुरक्षित आप्रवासन सामी कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइने छ।

९४. वैदेशिक रोजगारीबाट फर्किएकालाई सिपमूलक तालिम तथा मनोपरामर्श सेवा सम्बन्धी कार्यक्रम सञ्चालन गरिनुका साथै न्यूनतम रोजगारीका लागि साझेदारीमा परियोजनाहरु सञ्चालन गरिने छ।

९५. नवप्रवर्धन एवं सिर्जनशिल उद्यमशिलतालाई प्रोत्साहन गर्दै स्थानीय कच्चा पदार्थको प्रयोग र लघु उद्यम किसान कार्यक्रम मार्फत नयाँ उद्यमी सिर्जना र उद्यमीहरुको स्तरोन्नती गर्दै लैजाने नीति लिइने छ।

९६. यसै वर्ष एकिकृत ग्रामिण उद्योग स्थापना गर्न विशेष पहल गरिने छ।

९७. लघु र घरेलु उद्योग, उद्योग र उद्योगीहरुको पहिचान गरी छिटो प्रतिफल हासिल गर्ने प्रवर्धनात्मक कार्यक्रम लागु गरिने छ।

## ❖ संचार एवं मिडिया क्षेत्र

९८. रेडियो, पत्रपत्रिका र केही अनलाईन मिडियालाई विश्वसनिय र गुणस्तरिय बनाउन विशेष कार्यक्रम तर्जुमा गरिने छ।

९९. नयाँ पत्रकार उत्पादन गर्न तथा संचारकर्मीका लागि क्षमता वृद्धि गर्ने क्षेत्रगत तालिमका लागि कार्यक्रम ल्याइने छ।

१००. सिस्ने गाउँपालिका भित्र सडकमा ट्राफिक संकेत बोर्डहरु, सिमानामा बोर्ड राख्ने कुरालाई निरन्तरता दिइने छ।

१०१. पालिका भित्रका टेलिकम टावरहरु स्तरोन्नती गर्न र संचालन गर्न विशेष पहल गरिने छ।

१०२. ऐतिहासिक एवं पुरातात्विक सम्पदाहरुलाई समेटर मिडिया डकुमेन्ट्री निर्माण गरिने छ।

## ❖ वन वातावरण तथा विपद व्यवस्थापन

१०३. सामुदायिक वनलाई आयमूलक रुपमा विकास गरी आय र समृद्धिका कार्यक्रममा आबद्ध गरिने छ।

१०४. विपद जोखिम नक्साकंन तथा प्रतिकार्य योजनालाई समयानुकुल परिमार्जित गरी नेपाल सरकार, प्रदेश सरकार, गैर सरकारी संघ संस्था, नीजि क्षेत्रसँग विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन, स्वयमंसेवक परिचालनका साथै सामाग्री आपूर्ती गर्दै र मजबुद गर्दै जाने नीति अख्तियारी गरिने छ। सबै क्षेत्रसँग समन्वयात्मक ढंगले कार्यसम्पादन गर्ने कार्यलाई आत्मसाथ गरिने छ।

१०५. सडक बाटोको दुवै तर्फ सौन्दर्य प्रापक तथा आयमूलक बिरुवाहरुको रोपन गरी हरियाली सडक विकास गर्न प्रोत्साहन गरिने छ।

१०६. 'दिगो वन व्यवस्थापन स्वच्छ र समृद्ध जीवनयापन' को दिर्घकालिन सोचलाई कार्यान्वयन गर्न वन पैदावार र वन व्यवस्थापन, जडिबुटी र जैविक विविधताको दगो संरक्षण गरी रोजगारी सिर्जना, वन अर्थतन्त्र निर्माण गर्न जंगलको उपयोग गर्ने नीति लिइने छ।

१०७. आपतकालिन उद्धारमा खटिने उद्धार टोलीलाई अपाङ्गता भएका व्यक्तिहरुको आवश्यकता र उद्धार विधिबारे प्रशिक्षण दिने र उद्धारका क्रममा अपाङ्गता भएका व्यक्तिहरुलाई प्राथमिकता दिने व्यवस्था मिलाइनेछ।

## ❖ सामाजिक तथा सांस्कृतिक क्षेत्र

१०८. हाम्रो समाजमा अझै पनि विद्यमान कुरिती, कुसंस्कार, प्रथा साथै सबै प्रकारका विभेद तथा छुवाछुतजन्य हिंसाको अन्त्य गरी समतामूलक सुसंस्कृत समाज निर्माण गर्न रुपान्तरणकारी लक्षित समुहको अभियानहरु सञ्चालन गरिने छ।

१०९. बढ्दो युवा पलायन एवं असुरक्षित वैदेशिक यात्रा तथा फिर्तीको परिणामलाई दृष्टिगत गर्दै युवा लक्षित विशेष तालिम तथा आयआर्जनका कार्यक्रमहरु संचालनमा ल्याइने छ।

११०. अध्यक्ष-उपाध्यक्ष जनमितेरी तथा जनसाक्षात्कार कार्यक्रम सञ्चालन गर्दै सामाजिक दायित्वसँग एकाकार हुने नीति लिइने छ।

१११. तरुण र युवाहरुमा रहेका प्रतिभालाई प्रस्फुटन हुने वातावरण तयार पार्न एवं सर्वाङ्गिन विकासका लागि सिस्ने कप सञ्चालनलाई निरन्तरता दिइने छ।

११२. विगत सशस्त्र द्धन्द्ध एवम् जनआन्दोलन लगाएत युगान्तकारी आन्दोलनमा शहिद हुनुभएका परिवारका लागि सहकारीमा सेयर खरिद गरिदिने र सम्मान-स्मरण गर्दै योगदानलाई मूल्याङ्कन गर्दै दायित्व बहन गर्ने कार्यलाई निरन्तरता दिइने छ।

११३. अध्यक्ष-उपाध्यक्षसँग विपन्न सहायता कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइने छ।

११४. भाषा, कला, साहित्य तथा संस्कृति संरक्षण एवं संबर्धन गर्ने र श्रष्टा सम्मान गर्ने कार्यलाई संचालन गरिने छ।

११५. पालिकामा एउटा खुला कार्यक्रम गर्नको लागि खुला मञ्च निर्माण गर्न पूर्वाधारका कामलाई प्राथमिकतामा राखेर काम अघि बढाइने छ।

११६. परम्परागत रुपमा चल्दै आएको मेला, पर्व र जात्रा, महोत्सव आदी कार्यलाई प्रवर्धन गर्न समयानुकुल कार्ययोजना बनाइ लागु गरिने छ।

११७. सार्वजनिक शौचालयहरु क्रमश; निर्माण गर्दै जाने कार्यलाई जोड दिइने छ।

११८. सिस्ने गाउँपलिका अन्तर्गत रहेका कच्चा पदार्थलाई अध्ययन अनुसन्धान गरि आवश्यक घरेलु उद्योगको सम्भावनालाई अघि बढाइने छ।

११९. सिस्ने गाउँपलिका भएर बग्ने सनोभेरी नदिको बालुवा, गिट्टि लगायतका दहत्तर बहत्तर लाई नियमानुसार अधिकतम प्रयोग गर्ने प्रवन्ध मिलाइने छ।

१२०. नेपाल सरकार र स्थानीय तहका नाममा रहेका सम्पूर्ण जग्गा जमिन, भवन र सवारी साधन लगाएतका भौतिक सम्पतीको एकिकृत विवरणलाई अभिलेखिकरण गरिने छ।

## ❖ संस्थागत विकास र सेवा प्रवाह

१२१. जेहेनदार लक्षित विपन्न एवं शिक्षित बेरोजगार युवालाई सरकारी सेवामा आकर्षित गर्न लोक सेवा र शिक्षक सेवा कक्षा संचालनलाई यस वर्ष पनि निरन्तरता दिइने छ।

१२२. सार्वजिनक सेवा प्रवाहलाई छिटोछरितो, पारदर्शी, प्रभावकारी  बनाइ आम नागरिकको पालिकाप्रति अपनत्व र विश्वास जागृत गर्न कानुनी, संस्थागत, व्यवहारिक पक्षमा निरन्तर सुधार गर्दै लगिने छ।

१२३. आर्थिक पारदर्शिता र बित्तिय अनुशासनलाई कडाइका साथ पालना गर्दै बेरुजु नियन्त्रणलाई प्राथमिकतामा राख्दै बेरुजु फच्यौंट (नियमित गर्ने,असुलउपर गर्ने समेत) गर्ने कार्यलाई तिव्रता दिइने छ। महालेखा परीक्षकको प्रतिवेदनले दिइएको सुझाव अनुसार आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन यसै अधिवेशनमा पारित गरी जारी गरिनेछ। आगामी आर्थिक वर्षमा कायम भएको बेरुजु मध्ये ५० प्रतिशत बेरुजु फस्यौंट  गर्ने गरी बेरुजु फस्यौंट वर्षको रुपमा प्राथमिकता दिइनेछ।

१२४. कर्मचारीहरुलाई कार्यस्थलमा उच्च मनोबलका साथ कार्य सम्पादन गर्ने वातावरण तयार पारिने छ । विभिन्न क्षमता अभिवृद्धिका तालिम सञ्चालन गरिने छ ।

१२५. राजश्व कर र घर बहाल कर लगाएत सम्पूर्ण कर संकलन सम्बन्धी व्यवस्थाका लागि नीति तथा कार्यक्रममा जोड दिइने छ ।

१२६. 'स्वस्थ प्रतिस्पर्धी बजार र रितपूर्वक बिल बिजक' भन्ने ब्यापारी कथन चरितार्थ गर्दै नियमित बजार अनुगमणलाई निरन्तरता दिइने छ ।

१२७. पूर्वाधार सचेतना नापतौल गुणस्तर एवं खाद्य परिकार सचेतना एवं अभुमुखिकरण कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१२८. न्यायिक समितिका पदाधिकारी, वडा सचिव, सूचिकृत मेलमिलापकर्ता तथा सहजकर्ताहरुलाई समयानुकुल पूनर्ताजिकी तथा क्षमता विकास सम्बन्धी तालिम प्रदान गरिने छ ।

१२९. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमलाई थप प्रविधिमैत्री र व्यवस्थित तथा पञ्जिकरण सुदृढीकरणका कार्यक्रम सञ्चालन गरिने छ ।

१३०. आन्तरिक नियन्त्रण प्रणाली तथा सेवा प्रवाहको मापदण्ड तयार गरी लागु गरिने छ ।

## अन्त्यमा

**सभाका सदस्य ज्यूहरु,**

राज्यको पुनसंरचना, प्रशासकिय सुधार साथै संघिय समानुपातिक, समावेशी, सहभागितामूलक, अर्थपूर्ण र सामाजिक न्याय सहितको लोकतान्त्रिक गणतन्त्रसम्म आइपुग्दा आ-आफ्नो ठाउँबाट योगदान पुर्याउनुहुने सबै महानुभावहरुमा हार्दिक आभार व्यक्त गर्दछु । आम निर्वाचन तथा स्थानीय निर्वाचन २०७९ मार्फत आफ्नो अमुल्य मतको अभिमत प्रकट गर्दै २०७२ को संविधानलाई प्रत्यक्ष अनुमोदनलाई निरन्तरता दिदै हामी र हाम्रो कार्यकालका जनप्रतिनिधिलाई आर्थिक वर्ष २०८२/८३ को गाउँसभासम्म पुर्याउनुहुने आम मतदाताप्रति उच्च सम्मान एवं धन्यवाद व्यक्त गर्दछौ । संघियता कार्यान्वयनको क्रममा स्थानीय सरकार स्थापना भएको ८ वर्षको कार्यकालमा 'समृद्ध सिस्ने हाम्रो गन्तव्य' भन्ने मुल नाराका साथ हामी शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन तथा पूर्वाधारको क्षेत्रमा प्राथमिकताका साथ नीति, योजना र कार्यक्रम केन्द्रित गरिरहेका छौँ ।

प्रस्तुत नीति तथा कार्यक्रम तयार पार्ने क्रममा सल्लाह सुझाव दिदैँ योगदान गर्नुहुने सभाका सदस्य ज्यूहरु, राष्ट्रसेवक कर्मचारी, राजनैतिक दल, नागरिक समाज, श्रमजिवि वर्ग, संचारकर्मी, विकास साझेदार एवं गैरसरकारी संघ संस्था लगाएत स्थानीय राजनीतिक दलका प्रतिनिधि ज्यूहरु लगाएत सम्पूर्ण जनसमुदायप्रति आभारी छु । उपरोक्त नीति तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि गाउँपालिकामा क्रियाशिल राजनीतिक दल, सरकारी तथा गैर सरकारी संघ संस्थाहरु, संचारकर्मी, नागरिक समाज लगाएत सम्पूर्ण सिस्नेबासी आमाबुबा, दाजुभाई, दिदिबहिनीहरुका रचनात्मक सल्लाह सुझाव र सहयोगको अपेक्षा गरेको छु ।

धन्यवाद

**कृष्ण रेग्मी**
**गाउँपालिका अध्यक्ष**